**२०७४ साल फागुन २८ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत गर्ने ।

२. अर्थ मन्त्रालय— राष्ट्रिय बाणिज्य बैंङ्कमा NIDC विकास बैंक गाभिए पछिको राष्ट्रिय बाणिज्य बैंकको सञ्चालक समितिको अध्यक्ष पदमा अर्को व्यवस्था नभए सम्मको लागि हालको जिम्मेवारीको अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री महेन्द्रमान गुरूङ्गलाई कामकाज गर्न तोक्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - भारतको नयाँ दिल्लीमा आगामी चैत्र ५ देखि ६, २०७४ सम्म आयोजना हुने बहुपक्षिय Informal WTO Ministerial Meeting मा माननीय मातृका प्रसाद यादव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको नेतृत्वमा प्रतिनिधि मण्डललाई सहभागी हुन स्वीकृति दिने ।

४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - विधेयक तयारी सहजिकरण समिति गठन गर्ने-

(क) महान्यायाधिवक्ता – संयोजक

(ख) अध्यक्ष ,नेपाल कानून आयोग – सदस्य

(ग) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(घ) सचिव, (विधेयकसंग सम्बन्धित मन्त्रालय) – सदस्य

(ङ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(च) महान्यायाधिवक्ताले तोकेको एक जना नायब महान्यायाधिवक्ता – सदस्य

(छ) पूर्व कानून सचिवहरु मध्येबाट श्री तीर्थमान शाक्य र श्री हरि प्रसाद न्यौपाने - सदस्य

५. परराष्ट्र मन्त्रालय— नेपाल सरकार र इजरायल सरकारबीच कूटनीतिक राहदानी बाहकहरूलाई एक अर्को मुलुकमा भ्रमण गर्दा प्रवेशाज्ञा छुट दिने सम्झौता स्वीकृत गर्ने ।

६. रक्षा मन्त्रालय— सहायक रथी काजीबहादुर खत्रीलाई उपरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने तथा उपरथी गौरव तण्डुलसमेत ३ जना उपरथीहरूलाई सरुवा गर्ने।

७. रक्षा मन्त्रालय— Pakistan Armed Forces का Chairman Joint Chiefs of Staff Committee General Zubair Mahmood Hayat, NI (M) उहाँको श्रीमती र स्टाफ अधिकृत सहितको भ्रमणदललाई उहाँको अनुकूल समयमा नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउन नेपाली सेनालाई स्वीकृति दिने।

८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— २५६२ औं बुद्धजयन्तीको अवसरमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन गर्ने -

(क) आगामी २०७५ बैशाख १७ गते बुद्ध जयन्तिको दिन राष्ट्रिय अन्तराष्ट्रिय स्तरका बौद्ध भिक्षुहरु, बौद्ध धर्मसंग सम्बन्धित विज्ञहरु, अनुसन्धानकर्ताहरु तथा बिशिष्ट व्यक्तित्वहरुलाई आमन्त्रण र सहभागिता गराई सम्मेलन भव्य रुपमा मनाउने ।

(ख) सो सम्मेलन/कार्यक्रमका लागि करिब ३००० जना सहभागी अट्ने क्षमताको अस्थायी सम्मेलनस्थल (साउण्ड सिस्टम, फर्निसिङ्ग सहित) निर्माण गर्न लाग्ने सम्पूर्ण खर्च लुम्बिनी विकास कोषको चालु आ.व. २०७४।०७५ मा वचत हुने शिर्षकबाट कार्यक्रम संशोधन वा रकमान्तर

गरी व्यवस्थापन गर्ने । साथै सम्मेलन खर्च समेत लुम्विनी विकास कोषको चालु खर्च शिर्षकबाट व्यवस्थापन गर्ने ।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सहभागीहरुलाई निमन्त्रणा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समन्वयमा लुम्बिनी विकास कोषले गर्ने ।

९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— मिति २०७४ फाल्गुण २८ गते (१२ मार्च २०१८) का दिन बंगलादेशको ढाकाबाट काठमाण्डौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणका लागि आएको US Bangla Airlines को UBG२११ (DH८D) विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रभित्र धावनमार्गको पूर्वपट्टि दुर्घटना हुन गएको सम्बन्धमा दुर्घटना जाँचका लागि गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम १० बमोजिम देहाय बमोजिमको ६ (छ) सदस्यीय दुर्घटना जाँच आयोग गठन गर्ने ।

| | |
|---|---|
| श्री यज्ञ प्रसाद गौतम, नेपाल सरकारका पुर्व सचिव | अध्यक्ष |
| प्रमुख सेनानी डा. राजिव कुमार देव, श्री विरेन्द्र अस्पताल | सदस्य |
| बरिष्ठ ईञ्जिनियर श्री उद्धव प्रसाद सुवेदी, यति एयरलाइन्स | सदस्य |
| बरिष्ठ क्याप्टेन सुनिल प्रधान, वुद्ध एयर | सदस्य |
| पूर्व पाईलट कुन्दन कुमार शर्मा | सदस्य |
| सहसचिव श्री बुद्धिसागर लामिछाने | सदस्य सचिव |

आयोगको काम, कर्तव्य र अधिकार गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम ११ ले तोकेबमोजिम हुने ।

१०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— कर्मचारी समायोजन नियमावली, २०७४ स्वीकृत गर्ने।

११. मुख्य न्यायाधिवक्ताको पद तथा गोपनीयताको शपथको ढाँचा स्वीकृत गर्ने र प्रदेश प्रमुखको उपस्थितिमा सम्बन्धित उच्च अदालतको मुख्य न्यायाधीशले सोही ढाँचाबमोजिम मुख्य न्यायाधिवक्ताको शपथ गराउने।

१२. नेपाल कानून आयोगका सचिव रञ्जनकृष्ण अर्यालले उमेरको हदको कारणबाट मिति २०७४।९।१३ देखि अनिवार्य अवकाश प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**